मिति २०७४/०९/२७ गते | वैठक संख्याः ११

स्थानः देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय | समयः १७.०० बजे

आज मिति २०७४ साल पौष २७ गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापा ज्युको अध्यक्षतामा ११ औं गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थिति**

श्री दुर्ग बहादुर थापा (गाउँपालिका अध्यक्ष)
श्री विमला थापा (गाउँपालिका उपाध्यक्ष)
श्री भिम बहादुर गुरुङ (१ नं. वडाध्यक्ष)
श्री पोल बहादुर आले (२ नं. वडाध्यक्ष)
श्री कृतिमान आले (३ नं. वडाध्यक्ष)
श्री पदम बहादुर गुरुङ (४ नं. वडाध्यक्ष)
श्री याल बहादुर गुरुङ (५ नं. वडाध्यक्ष)
श्री चन्द्र प्रकाश वि.क. (कार्यपालिका सदस्य)
श्री बाल कुमारी परियार (कार्यपालिका सदस्य)
श्री भोगी माया राना (कार्यपालिका सदस्य)
श्री अनिता गुरुङ (कार्यपालिका सदस्य)
श्री याम माया गुरुङ (कार्यपालिका सदस्य)
श्री रत्न बहादुर बोटे (कार्यपालिका सदस्य)
श्री फुल माया वि.क. (गाउँसभा सदस्य)
श्री ठाकुर कुमारी क्षेत्रिनी (गाउँसभा सदस्य)
श्री रमेश सुवेदी (सचिव एवं प्रमुख प्रशासकिय अधिकृत)
अन्य उपस्थिति श्री बुद्धी प्रसाद भुसाल (योजना शाखा)
" " श्री विष्णु प्रसाद ढकाल (आर्थिक प्रशासन शाखा)

बैठक संख्या ११ मिति: २०७४।०९।२७

१) सभामा विधेयक प्रस्तुत तावहरु

२) संशोधन विधेयक प्रस्तुत

३) बजेट, योजना, कार्यक्रममा संशोधन प्रस्तुत

४) राजपत्रमा प्रकाशन

५) विविध

निर्णयहरु

१) सभामा विधेयक प्रस्तुत गर्न तपसिल अनुसार जिम्मेवारी तोकियो ।

क) शिक्षा विधेयक– प्रस्तुतकर्ता श्री कृतिमान

ख) सहकारी विधेयक – प्रस्तुतकर्ता श्री यालवहादुर गुरुङ्ग

२) सञ्चित कोषवाट विनियोजन हुने रकम संशोधन विधेयक प्रस्तुतकर्ता श्री पदमवहादुर गुरुङ्ग

३) बजेट, योजना, कार्यक्रममा संशोधन – प्रस्तुतकर्ता श्री यालवहादुर गुरुङ्ग

४) गाउँ सभा तथा गाउँ कार्यपालिकावाट स्विकृत ऐन भाग १ र नियमावली भाग २ मा स्थानीय राजपत्रमा प्रकाशन गर्ने ।

स्थानीय राजपत्रको नमुना

# स्थानीय राजपत्र

**देवघाट गाउँपालिकाद्वारा प्रकाशित**

**देवघाट, महिना गते , २०७४ साल (संख्या - १)**

**भाग .............**

देवघाट गाउँपालिका

.........................................ऐन/नियमावली २०७...

.........................................................................

.........................................................................

आज्ञाले

......................

(प्रमुख प्रशासकीय अधिकृत)

गाउँ सभा/कार्यपालिका सचिव

५) आर्थिक सहयोग

क) गलेश्वर आश्रम देवघाटधाम धन धान्याचल विराट् महायज्ञ २०७४ को लागी धार्मिक सांस्कृतिक प्रवर्द्धन शिर्षकवाट रु.१११११११। एक मुष्ठ सहयोग गर्ने ।

ख) आगलागी लगायत दैवि विपत्तिवाट पूर्ण रुपमा घर ध्वस्त भएमा घर धनीलाई विपद व्यवस्थापन शिर्षकवाट रु. १५०००। एक मुष्ठ सहयोग गर्ने । सो सहयोग गर्ने अधिकार कार्यपालिकाको अध्यक्षलाई प्रत्यायोजन गर्ने ।

६) विविध

क) वडा अध्यक्षलाई मासिक रु. २०००। ईन्धन र १०००। संचार सुविधा दिने । ई.प्रहरी कार्यालयलाई इन्धनमा मासिक रु. २०००। र सवारी साधन मर्मतमा रु. १०००। सहयोग गर्ने ।

ख) मुग्लिङ्ग –ठिमुरा राजमार्गको देवघाट गाउापालिका वडा नं. ५ को खण्डमा पर्ने रुटलाई परिवर्तन गरि वस्ति नभएको स्थानमा स्थानान्तरण गर्न देवघाट गाउँपालिका ५ नं वडा कार्यालयको सिफारिस पत्र साथ प्राप्त भएकोले सो अनुसार प्रक्रिया अगाडी बढाई दिनु हुन सम्बन्धित निकायमा सिफरिस गर्ने ।

ग) वडा नं. ४ र ५ को भूगोल मिलानको सिफरिस गर्न तपसिल अनुसारको समिति बनाउने

संयोजक श्री याल वहादुर गुरुङ्ग

सदस्य श्री पदमवहादुर गुरुङ्ग

सदस्य श्री भीम वहादुर गुरुङ्ग

घ) डि.पि.आर. तयार गर्नुपर्नेमा कन्टिजेन्सीवाट नपुग भएमा भैपरीवाट खर्च गर्ने ।

ङ) देवघाट गाउँपालिकाको तपसिल अनुसारका नियमावली, निर्दशिका, कार्यविधि कार्यान्वयनको लागी स्विकृत ~~गरि~~ गर्ने निर्णय गरियो ।

स्वरोजगार उद्यम विकास कोष संचालन नियमावली, २०७४

समपुरक कोष संचालन ~~निर्देशिका~~ कार्यविधि, २०७४

शिक्षा कोष संचालन निर्देशिका, २०७४

उपभोक्ता समिति संचालन निर्देशिका, २०७४

वातावरण तथा फोरहमैला व्यवस्थापन नियमावली, २०७४

कार्यक्रम, तालिम संचालन कार्यविधि, २०७४

~~व्याक हो लोडर संचालन कार्यविधि~~

श्रोत परिचालन निर्देशिका, नियमावली

त) देवघाट गाउँपालिकाको भवन संहिता ( Building by laws ) तर्जुमा गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

थ) पूर्ण सरसफाई विशेष महिला गित प्रतियोगिता संपन्न भई भुक्तानी माग निवेदन प्राप्त भएकोले देवघाट महिला संजाललाई महिला लक्षित बजेटवाट रु. १०००००। भुक्तानी दिने निर्णय गरियो ।

द) छिपछिपेमा भएको साँस्कृतिक तथा कृषि पर्यटन प्रवर्द्धनमा भएको खर्च मध्ये रुं ५१४०००। आयोजक श्री देवघाट कछार क्षेत्र सांस्कृतिक महत्सव २०७४ लाई भुक्तानी दिने निर्णय गरियो ।